# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७४।०४।२० गते

## प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------------

नेपाल बिद्युत प्राधिकरण, बरहथवा प्रशाखा, सर्लाहीमा कार्यरत कम्प्युटर अपरेटर धर्मेन्द्र राय यादवले सेवाग्राहीको ग्रिल उद्योगमा थ्रि-फेज विद्युत जडान गर्ने प्रयोजनका लागि विभिन्न बहानामा घुस/रिसवत रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिई गएको टोलीले निजलाई रु. २५,०००/- (पच्चिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु. २५,०००/- (पच्चिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता